बैठक नं. ६.१

-आज मिति २०७६/०९/१४ गतेका दिन पूर्व सूचना बमोजिम बुटवल उप-महानगरपालिकाका प्रमुख एवं नगर सभाका अध्यक्ष श्री शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका नगर सभा सदस्यहरुको उपस्थितिमा छैठौ नगर सभा अधिवेशनको प्रथम बैठक बसियो ।

समय: दिउसो १:०० बजे ।

स्थान : बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको सभाहल ।

**उपस्थिति:**

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख/अध्यक्ष | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख/उपाध्यक्ष | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद बस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज वहादुर सुनार | सदस्य | |
| ८ | जगदीश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | माया देवी बराल (विश्वकर्मा) | सदस्य | |
| २३ | विमला श्रेष्ठ | सदस्य | विमला |
| २४ | सुस्मा कुमारी अर्याल | सदस्य | |
| २५ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | रन्जित शेरचन | सदस्य | |
| २८ | डिल प्रसाद नेपाली | सदस्य | |
| २९ | विष्णु कुमारी नेपाली | सदस्य | Bishny |
| ३० | ज्ञानु कुमारी लिगल | सदस्य | |
| ३१ | मदन कुमार श्रेष्ठ | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ३३ | कमला देवी नगरकोटी | सदस्य | |
| ३४ | खगिसरा गुरुङ्ग | सदस्य | |
| ३५ | प्रेम बहादुर गाहा मगर | सदस्य | |
| ३६ | सुनिल शाक्य | सदस्य | |
| ३७ | सुमित्रा बि.क. | सदस्य | |
| ३८ | सरस्वती कुँवर | सदस्य | |
| ३९ | चीन बहादुर गुरुङ्ग | सदस्य | |
| ४० | लिला प्रसाद श्रेष्ठ | सदस्य | |
| ४१ | कमला विश्वकर्मा | सदस्य | |
| ४२ | चन्दा कुमारी गौतम | सदस्य | |
| ४३ | सुरेन्द्र कुमार श्रेष्ठ | सदस्य | |
| ४४ | धन माया विश्वकर्मा | सदस्य | |
| ४५ | छली मियाँ | सदस्य | |
| ४६ | प्रदिप श्रेष्ठ | सदस्य | |
| ४७ | यम बराल | सदस्य | |
| ४८ | पार्वती सुनार | सदस्य | |
| ४९ | नन्दा थापा मगर | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५१ | वीर मान लामा | सदस्य | |
| ५२ | गीता वि.क. | सदस्य | |
| ५३ | वविता के.सी वस्नेत | सदस्य | |
| ५४ | नविन थापा | सदस्य | |
| ५५ | गोमती सुनार | सदस्य | |
| ५६ | गोमा ज्ञवाली | सदस्य | |
| ५७ | भुवानी प्रसाद उपाध्याय | सदस्य | |
| ५८ | दल बहादुर थापा | सदस्य | |
| ५९ | शोभा सार्की | सदस्य | |
| ६० | शिव बाहादुर अधिकारी | सदस्य | |
| ६१ | विजय गुरुङ्ग | सदस्य | |
| ६२ | कलावती के.सी. | सदस्य | |
| ६३ | बल बहादुर पुन मगर | सदस्य | |
| ६४ | नन्द बहादुर थापा | सदस्य | |
| ६५ | मायादेवी दमाई | सदस्य | |
| ६६ | नकुल शाही ठकुरी | सदस्य | |
| ६७ | रण बहादुर थापा मगर | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ६९ | विष्णु शाही | सदस्य | |
| ७० | भुपेन्द्र शमशेर थापा | सदस्य | |
| ७१ | तिल बहादुर क्षेत्री | सदस्य | |
| ७२ | सरस्वती परियार नेपाली | सदस्य | |
| ७३ | बेद प्रसाद गैरे | सदस्य | |
| ७४ | खुमानन्द पौडेल | सदस्य | |
| ७५ | धन मायाँ सुनार | सदस्य | |
| ७६ | नरमदा खत्री | सदस्य | |
| ७७ | श्रीराम कठरिया थारु | सदस्य | |
| ७८ | युवराज सारु | सदस्य | |
| ७९ | अन्जली गोतामे | सदस्य | |
| ८० | चम्पा देबी रेग्मी | सदस्य | |
| ८१ | नगेन्द्र प्रसाद आचार्य | सदस्य | |
| ८२ | कृष्ण प्रसाद भुसाल | सदस्य | |
| ८३ | निरु वि.क | सदस्य | |
| ८४ | बाल कुमारी आचार्य | सदस्य | |
| ८५ | गगन बहादुर गुरुङ्ग | सदस्य | |
| ८६ | सन्त प्रसाद थारु | सदस्य | |

| सि नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ८७ | यम कलि सुनार | सदस्य | |
| ८८ | माया देवी क्षेत्री | सदस्य | |
| ८९ | देवी प्रसाद काफ्ले | सदस्य | |
| ९० | गोपी कृष्ण पाण्डे | सदस्य | |
| ९१ | दिपा हरिजन | सदस्य | |
| ९२ | सुमित्रा गाहा मगर | सदस्य | |
| ९३ | कन्हई प्रसाद थारु | सदस्य | |
| ९४ | गोपाल नेपाल | सदस्य | |
| ९५ | विना कुमारी दर्नाल | सदस्य | |
| ९६ | लक्ष्मी थारु | सदस्य | |
| ९७ | बालकिसन थारु | सदस्य | |
| ९८ | कुमार प्रसाद थारु | सदस्य | |
| ९९ | चक्रपाणी शर्मा | सचिव | |

मिति २०७६।०९।१४ गते ।

समयः दिनको १ बजे ।

**नगरसभा सदस्यज्यूहरु**

अव म बुटवल उपमहानगरपालिकाको नगरसभाको छैठौं अधिवेशनको पहिलो वैठक प्रारम्भ भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं.६.१.१**

**आर्थिक कार्यविधि ऐन, २०७५ माथि संशोधन प्रस्ताव टेवुल सम्बन्धमा ।**

**निर्णय नं.६.१.१**

अव म आजको वैठकको कार्यसूची नं. १ मा रहेको आर्थिक कार्यविधि ऐन, २०७६ माथि संशोधन गरी पाउँ भन्ने प्रस्ताव टेवुल गर्न उपाध्यक्ष एवं उपप्रमुख श्री गुमादेवी आचार्यलाई अनुमति दिन्छु । सभाध्यक्षज्यूको अनुमति बमोजिम उपप्रमुखले आर्थिक कार्यविधि ऐन, २०७६ माथिको संशोधन प्रस्ताव सभा समक्ष वाचन गरी टेवुल गर्नुभयो ।

टेवुल भएको उल्लेखित आर्थिक कार्यविधि ऐन, २०७६ को संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहने सदस्यज्यूहरुलाई सचिवालयमा नाम टिपोट गराउन सभाध्यक्ष्यज्यूबाट समय प्रदान गर्नुभयो ।

**प्रस्ताव नं.६.१.२**

**सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथि संशोधन प्रस्ताव टेवुल सम्बन्धमा ।**

**निर्णय नं.६.१.२**

अव म आजको वैठकको कार्यसूची नं.२ मा रहेको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथि संशोधन गरियोस भन्ने प्रस्ताव टेवुल गर्न सभाका सदस्य एवं आर्थिक विकास समितिका संयोजक श्री टंक प्रसाद पराजुलीलाई अनुमति दिन्छु । सभाध्यक्षज्यूको अनुमति बमोजिम आर्थिक विकास समितिका संयोजक श्री टंक प्रसाद पराजुलीले सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथिको संशोधन प्रस्ताव सभा समक्ष वाचन गरी टेवुल गर्नुभयो ।

टेवुल भएको उल्लेखित सार्वजनिक निजी साझेदारी ऐन, २०७४ को संशोधन प्रस्ताव माथि छलफलमा भाग लिन चाहने सदस्यज्यूहरुलाई सचिवालयमा नाम टिपोट गराउन सभाध्यक्षज्यूबाट समय प्रदान गर्नुभयो ।

कार्यसूची बमोजिमको निर्धारित कार्यक्रम समाप्त भएको हुँदा आजै दिनको १:५५ बजे पुन: वैठक बस्ने गरी २० मिनेटका लागि सभाध्यक्षज्यूबाट वैठक स्थगित भएको सभालाई जानकारी गराउनुभयो ।

अब म पूर्व निर्धारित कार्यक्रम अनुसार नगरसभाको छैठौ अधिवेशनको पहिलो वैठकको दोश्रो सत्रको काम कारवाही प्रारम्भ भएको घोषणा गर्दछु ।

**प्रस्ताव नं.६.१.३**

**आर्थिक कार्यविधि ऐन, २०७५ को संशोधन प्रस्तावमाथि छलफल एवं पारित सम्बन्धमा ।**

**निर्णय नं. ६.१.३**

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं.३ मा रहेको र आजै बसेको नगरसभाको छैठौ अधिवेशनको वैठक नं.१ को कार्यसूची नं. १ अन्तर्गत टेवुल भएको आर्थिक कार्यविधि ऐन, २०७५ माथि संशोधनका लागि टेवुल भएको उल्लेखित ऐन माथि छलफलमा भाग लिन नाम टिपोट गराउनु भएका सभाका सदस्य श्री शिव बहादुर अधिकारीलाई आफ्नो सुझाव राख्नका लागि सभाध्यक्षज्यूले समय प्रदान गर्नुभयो ।

उल्लेखित आर्थिक कार्यविधि ऐन, २०७५ माथिको संशोधन प्रस्तावको वुदामा आफ्नो धारणा सुझाव राख्ने कार्यक्रम समाप्त भएको हुँदा उठेका संशोधनका विषयहरुमा थप स्पष्टता गर्दै उल्लेखित आर्थिक कार्यविधि ऐन, २०७५ माथिको संशोधन प्रस्ताव सभाध्यक्षज्यूबाट सभा समक्ष पारितका लागि निर्णयार्थ पेश हुँदा सर्वसहमति भएको हुँदा आथिक कार्यविधि ऐन, २०७५ माथि देहाय बमोजिमको संशोधन गर्ने निर्णय गरियो ।

## बुटवल उप महानगरपालिकाको आर्थिक कार्यविधि ऐन, २०७५ (पहिलो संसोधन) २०७६

१. दफा २ मा रहेको ....... "प्रोदभावि लेखा प्रणाली (Accural Accounting System)"........भन्ने वाक्यांशको ठाउँमा ..... प्रोदभावि लेखा प्रणाली **(Accural**

Accounting System) वा "नेपाल सरकारबाट तोकिए बमोजिमको प्रणाली" थप गरिएको ।

२. दफा ५ क ...... (१) पुरक बजेट वा संसोधन बजेट प्रस्ताव पेश गर्न सकिने ।
(२). देहायको अवस्थामा नगरकार्यपालिकाले पुरक बजेट वा बजेट संसोधन प्रस्ताव नगरसभामा पेश गर्न सक्नेछ ।
क अनुमान गरे भन्दा बढी वा घटी आय हुने अवस्था भएमा संसोधित आय व्यय प्रस्ताव
ख. विशेष परिस्थिति सिर्जना भई स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नसकिएको वा नया योजना तथा कार्यक्रम तत्काल कार्यान्वयन गर्नु पर्ने अवस्था सिर्जना भएको ।
ग. विशेष परिस्थिति होइन भन्ने नगरसभालाई लागेमा उपदफा २ बमोजिमको प्रस्ताव स्वतः निस्क्रिय हुनेछ ।
घ उपदफा २ ख बमोजिम्रको कारण जनाई ल्याइएको प्रस्ताव पहिला स्वीकृत भए पछि मात्र त्यस्तो पुरक वा संसोधित बजेट सम्बन्धी प्रस्ताव उपर छलफल गरी स्वीकृतिका लागि सभा समक्ष पेश गर्नु पर्नेछ ।
ङ. पुरक बजेट वा संसोधित बजेट पारित गर्ने प्रक्रिया प्रचलित कानूनमा व्यवस्था भए बमोजिम नै हुनेछ ।
च. उपदफा २ क र ख बमोजिम प्रस्ताव नगरसभाबाट पारित भै स्थानीय राजपत्रमा प्रकाशित भए पछि मात्र लागु हुनेछ ।
छ. बजेट स्वीकृत भई कम्तीमा ५ महिना नपुग्दै विशेष परिस्थितिमा बाहेक यस दफा बमोजिमको प्रस्ताव समान्यतया पेश गर्न पाइने छैन । भन्ने वाक्यांश थप गरिएको ।

३. दफा ६ को उपदफा १ मा ........ खर्च गर्ने अख्तियारी दिनु पर्नेछ । भन्ने ठाउँमा ....... खर्च गर्ने अख्तियारी दिन सक्नेछ । भन्ने वाक्यांश थप गरिएको

४. दफा ११ को उपदफा १ मा ...... प्रोदभावि लेखा प्रणालीमा आधारित लेखा प्रणाली (Accural Accounting System) .... भन्ने ठाउँमा ..."प्रोदभावि लेखा प्रणाली (Accural Accounting System)" वा नेपाल सरकारबाट तोकिए बमोजिम राखिनेछ । भन्ने वाक्यांश थप गरिएको ।

५. दफा २१ को उपदफा २ मा ..............तोकिएको ढांचामा ..... भन्ने ठाउँमा ............ कार्यपालिकाले तोके वमोजिम........ वाक्यांश थप गरिएको ।

प्रस्ताव नं.६.१.४

सार्वजनिक निजी साझेदारी ऐन, २०७४ को संशोधन प्रस्ताव माथि छलफल एवं पारित सम्बन्धमा ।

निर्णय नं.६.१.४

पूर्व निर्धारित कार्यक्रम अनुसार आजको कार्यसूची नं.४ मा रहेको र आजै बसेको नगरसभाको छैठौ अधिवेशनको बैठक नं.१ को कार्यसूची नं. २ अन्तर्गत टेवुल भएको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथि संशोधनका लागि टेवुल भएको उल्लेखित ऐन माथि छलफलमा भाग लिन नाम टिपोट गराउनु भएका सभाका सदस्य श्री शिव बहादुर अधिकारीलाई आफ्नो सुझाव राख्नका लागि सभाध्यक्षज्यूले समय प्रदान गर्नुभयो ।

उल्लेखित सार्वजनिक निजी साझेदारी ऐन, २०७५ माथिको संशोधन प्रस्तावको वुदामा आफ्नो धारणा सुझाव राख्ने कार्यक्रम समाप्त भएको हुँदा उठेका संशोधन सम्बन्धी विषयहरुमा थप स्पष्टता गर्दै उल्लेखित सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथिको संशोधन प्रस्ताव सभाध्यक्षज्यूबाट सभा समक्ष पारितका लागि निर्णयार्थ पेश हुँदा सर्वसहमति भएको हुँदा सार्वजनिक निजी साझेदारी ऐन, २०७४ माथि देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

## बुटबल उपमहानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७४ (पहिलो संसोधन), २०७६

१. दफा २ को उपदफा (२) को (ख) "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ । भन्ने वाक्यांशको ठाउँमा "अनुमतिपत्र प्राप्त व्यक्ति" भन्नाले आयोजना कार्यान्वयन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनु पर्छ । यसै खण्डमा निजी निकायमा उल्लेखित निकायहरु समेतलाइ जनाउदछ । थप गरिएको ।

२. दफा ८ मा सार्वजनिक खरिद कानून आकर्षित नहुने:यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ र सो सम्बन्धमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको व्यवस्था लागू हुनेछैन । भन्ने वाक्यांशको ठाउँमा सार्वजनिक निजी साझेदारी अन्तरगत सञ्चालन हुने: यस ऐन बमोजिमको आयोजनाको पहिचान, स्वीकृति, निजी निकायको छनौट, अनुगमन तथा कार्यान्वयन यसै ऐनको व्यवस्था बमोजिम गरिनेछ । थप गरिएको ।

३. दफा १० मा सानिसा समिति:(१) यस ऐन बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको प्रत्येक आयोजनाका लागि एक सानिसा समिति रहनेछः । भन्ने वाक्यांशको ठाउँमा सानिसा समिति:(१) यस ऐन

बमोजिमको आयोजना कार्यान्वयन गर्नका लागि कार्यपालिकाको प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको एक सानिसा समिति रहनेछः । थप गरिएको ।

४. दफा १६ खरिद प्रक्रियाका चरणहरु:(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) योग्यताका लागि मनसायपत्र आव्हान गर्ने,

(ख) योग्यतामा छनौट भएका दरखास्तवालाहरुको संक्षिप्त सूची तयार गर्ने,

भन्ने वाक्यांशको ठाउँमा खरिद प्रक्रियाका चरणहरु:(१) यस ऐन बमोजिम पहिचान र स्वीकृति भएका आयोजनाहरुको खरिद प्रक्रिया सामान्यतया देहाय बमोजिम हुनेछः

(क) मनसायपत्र आव्हान गर्ने,

(ख) संक्षिप्त सूची तयार गर्ने, थप गरिएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा योग्यता सम्बन्धी दरखास्त र प्रस्तावसम्बन्धी विवरणहरु छुट्टाछुट्टै खाममा एकै चरणमा माग गर्न सकिनेछ ।

भन्ने वाक्यांशको ठाउँमा (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीस लाख रुपैयाँभन्दा कम अनुमानित आयोजना लागत भएका आयोजनाहरुको हकमा संक्षिप्त सूची माग भए पछि तोकिए बमोजिम सोझै प्रस्तावसम्बन्धी विवरणहरु माग गर्न सकिनेछ। थप गरिएको ।

५. दफा १७ (१) सानिसा इकाईले दफा १६ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ । भन्ने वाक्यांशको ठाउँमा (१) सानिसा इकाईले दफा १५ बमोजिम स्वीकृत आयोजना सार्वजनिक निजी साझेदारीमा कार्यान्वयन गर्न तोकिएका कुराहरु खुलाई सार्वजनिक रुपमा सूचना प्रकाशन गरी मनसायपत्र आव्हान गर्न सक्नेछ । थप गरिएको ।

६. दफा १८ मा संक्षिप्त सूची तयार गर्ने : सानिसा इकाईले मनसायपत्र प्राप्त भएको मितिले तीस दिनभित्र तोकिएको आधारमा मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ। भन्ने वाक्यांशको ठाउँमा संक्षिप्त सूची तयार गर्ने : सानिसा

इकाईले मनसायपत्र प्राप्त भएको मितिले १५ दिनभित्र तोकिएको आधारमा कानूनत ग्राह्य मनसायपत्र पेश गर्ने व्यक्तिहरु छनौट गरी सोको संक्षिप्त सूची तयार गर्नेछ । थप गरिएको।

७. दफा २२ प्रस्ताव छनौट गर्ने : (१) सानिसा इकाईले दफा २३ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ । भन्ने वाक्यांशको ठाउँमा प्रस्ताव छनौट गर्ने : (१) सानिसा इकाईले दफा २१ बमोजिमको मूल्यांकन प्रतिवेदनका आधारमा प्रस्ताव प्राप्त भएको मितिले तीस दिनभित्र प्रस्ताव छनौट गर्नेछ । थप गरिएको ।

८. दफा २४ समझदारीपत्र गर्न सक्ने : दफा २२बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा सानिसा इकाईले प्रस्तावकसँग आयोजनाको कार्यान्वयन गर्ने सम्बन्धमा समझदारीपत्र सम्पन्न गर्न सक्नेछ । तर परियोजनाको प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ । भन्ने वाक्यांशको ठाउँमा समझदारीपत्र गर्न सक्ने : दफा २२बमोजिम प्रस्ताव छनौट गरेपछि वा दफा २३ को उपदफा (५) बमोजिम माग गरिएको विवरणका आधारमा आयोजना कार्यान्वयनको लागि दफा २९ बमोजिम सम्झौता गर्न सक्नेछ । तर बिस्तृत आयोजना विवरण तयार नभएका परियोजनाको हकमा प्रकृति हेरी सानिसा इकाईले प्रस्तावकसँग प्रारम्भिक आयोजना सम्झौता गर्न सक्नेछ । थप गरिएको ।

९. दफा २९ (३) प्रस्तावकले दफा २८ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ । भन्ने वाक्यांशको ठाउँमा (३) प्रस्तावकले दफा २५ को उपदफा (१) बमोजिमको विवरण सम्झौतामा लेखिएको अवधिभित्र पेश गर्नुपर्नेछ । सो अवधिभित्र प्रस्तावकले त्यस्तो विवरण पेश गर्न नसकेमा प्रस्तावकसँग भएको सम्झौता स्वतः रद्द भएको मानिनेछ । थप गरिएको ।

१०. दफा ३३ अनुमतिपत्र प्रदान गरिने : दफा ३० बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ भन्ने वाक्यांशको ठाउँमा अनुमतिपत्र प्रदान गरिने : दफा २९ बमोजिम सम्झौता गरेपछि सानिसा इकाईले प्रस्तावकलाई आयोजनाको कार्यान्वयन गर्न तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ । थप गरिएको ।

११. दफा ५९ को गैरसरकारी वा स्थानीय सामुदायिक संघसंस्था मार्फत् आयोजना कार्यान्वयन गर्न सकिने: तोकिएको रकमसम्मको आयोजना लागत भएका आयोजना स्थानीय

गैरसरकारी संस्था वा स्थानीय सामुदायिक संस्थालाई प्राथमिकता दिई कार्यान्वयन गर्न सकिनेछ । भन्ने वाक्यांश हटाइएको ।

पूर्वनिर्धारित कार्यक्रम अनुसार कार्यसूची अन्तर्गतका कामकारवाहीहरु समाप्त भएको हुँदा मिति २०७६।०९।१८ गते दिनको १:३० बजे नगरसभाको छैठौ अधिवेशनको दोस्रो वैठक पुनः बस्ने गरी सभाध्यक्षज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।